# बराहक्षेत्र नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

# पशु सेवा शाखा

चक्रघट्टी, सुनसरी

## १.नं.प्रदेश नेपाल

प्रथम पटक प्रकाशीत मितिः२०७८/०२/०४

**बोलपत्र आव्हानको सूचना**

यस बराहक्षेत्र नगरपालिकाको पशु सेवा शाखाको आ.व.२०७७/०७८ को नगरसभाबाट स्वीकृत प्रजनन उन्नत बोयर बोका मूल्यको ५० प्रतिशत अनुदानमा उपलब्ध गराई वितरण गर्नका लागि यो सूचनाको अधिनमा रही सुचना प्रकाशित भएको मितिले ३०औ) दिन भित्र शिलबन्दी बोलपत्र (E-Bid बाट समेत पेश गर्न सकिने) आव्हान गरीएको छ। बिस्तृत विवरण सहितको सूचना यस कार्यालयको वेवसाईट www.barahamun.gov.np मा गई डाउनलोड गरी हेर्न वा नगरपालिकाको पशु सेवा शाखामा सम्पर्क गरी बुझ्न सकिने छ।

**शर्तहरुः-**

१. तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) नगद बुझाइ नगदी रसिद वा यस कार्यालयको नाममा रहेको **मेगा बैक नेपाल लिमिटेड** चक्रघट्टी शाखाको आन्तरिक राजस्व खाता ( खाता नं. ०२२००१८२५३१२२) मा नगद जम्मा गरेको सक्कल भौचर साथ फर्म तथा व्यवसायीले निवेदन साथ अध्यावधिक (नविकरण) भएको प्रमाण पत्र, दर्ता प्रमाण पत्र (आ.व.२०७६/०७७ को) कर चुक्ता प्रमाण, संलग्न राखी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिन सम्म खरिद गरी खरिद भएको बोलपत्र सम्बन्धी कागजात ३१ औं दिन दिनको १२ बजे सम्म बराहक्षेत्र नगरपालिकाको कार्यालय, चक्रघट्टीको नाममा सम्बोधन गरी कामको विवरण, बोलपत्रदाताको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाइ फर्मको छाप लगाइ शिलबन्दी लाहाछाप गरी बराहक्षेत्र नगरपालिकाको कार्यालयमा दर्ता गराउनु पर्नेछ । E Bid को लागि Website www.barahamun.gov.np बाट समेत उल्लेखित समयावधि भित्र बोलपत्र दाखिला गउन सकिनेछ । साथै बिक्री भएका बोलपत्र सम्बन्धी कागजातमा भर्नुपर्ने सम्पूर्ण पानाहरु भरी दर्ता गर्नुपर्नेछ ।

२. प्रजनन् योग्य बोयर बोकाको जातिय गुण प्रस्ट देखिने हुनु पर्ने छ यदि जातिय गुण नदेखिएमा न.पा.ले खरिद गर्ने छैन ।

३. यो सूचना प्रकाशित भएको मितिले ३० औ दिन कार्यालय समय भित्र खरिद गर्ने र ३१ औ दिनको १२:००बजे सम्म बोलपत्र दर्ता गरी सक्नु पर्नेछ। दर्ता हुन आएका शिलबन्दी बोलपत्र सोही दिन ठिक २:००बजे यसै कार्यालयका प्रतिनिधि र बोलपत्र दाता वा निजहरुका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ, सो समयमा बोलपत्र दाता वा निजहरुका प्रतिनिधीहरुको उपस्थिती नभए पनि बोलपत्र खोलीनेछ।

४. बोलपत्र पेश गर्दा तपशिलको रकम बराहक्षेत्र नगरपालिकाको कार्यालयको नाममा रहेको मेगा बैङ्क लिमिटेड नेपाल चक्रघट्टी शाखामा रहेको धरौटी खाता नं.०२२००१०११७४०४ मा रु.१,१५,२००।०० (अक्षरेपी रु. एक लाख पन्ध्र हजार दुइ सय मात्र) जम्मा गरी सो बैंकको सक्कलै भौचर वा मान्यता प्राप्त बैङ्कले बराहक्षेत्र नगरपालिकाको नाममा जारी भएको कार्य प्रयोजन एवं ठेक्का नं. अनिवार्य रुपमा उल्लेख भएको बोलपत्र जमानतपत्र (बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको ) संलग्न गर्नु पर्नेछ।

५. बोलपत्र दाताले खरिद कार्वाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कार्वाहीमा आफ्नो स्वार्थ स्वघोषणा बोलपत्र साथ पेश गर्नु पर्ने छ।

६. बोलपत्र पेश गर्दा शिलबन्दी खाम बाहिर कार्यालयको नाम, कार्यको विवरण र बोलपत्र दाताको फर्मको नाम,ठेगाना र सम्पर्क नं. स्पष्ट रुपले उल्लेख गरेको हुनुपर्ने छ।

७. प्राप्त बोलपत्र मध्ये सबैभन्दा कम कबोल गर्ने एउटै वा फरक फरक बोलपत्र स्वीकृत गर्न सकिने छ।

८. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा आंशिक स्वीकृत गर्ने, घटी वा बढी अंङ्क वालालाई दिने वा नदिने सो सम्वन्धि सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ।

९. बोलपत्र शर्त रहित,केर मेट नभएको, कार्यालयले उपलब्ध गराएको फाराममा नै भरिएको, कुनै थप घट वा द्रष्टब्य नलेखेको हुनु पर्ने छ।

१०. समयमा प्राप्त नभएको, रित नपुगेको, सूचनाको शर्त विपरित भएको बोलपत्र माथि कुनै कार्वाही हुने छैन।

११. बोलपत्र खरिद वा दर्ता गर्ने फर्म हरुले कामको सम्वन्धमा राम्रो संग बुझि दरभाउ पत्र भरेको हुनु पर्ने छ।

१२. बोलपत्र भर्दा केरमेट नगरी प्रष्ट रुपमा अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्दछ। अंक र अक्षरमा उल्लेख भएको दर रेटमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

१३. बोलपत्र खरिद गर्ने वा बुझाउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलि पल्ट सो कार्यहरु हुनेछ।

१४. बोकाको मुल्यको ५० प्रतिशत रकम छनौटमा परेका कृषकहरु स्वंयमले व्यहोर्नु पर्ने छ ।

१५. बोलपत्र दाताले नक्कली कागजात पेश गरेको पाइएमा निज बोलपत्र दाताको दरभाउ पत्र रद्द गरी कालो सुचीमा समावेस गर्न सम्वन्धित निकायमा सिफारिस गरिनेछ। साथै निजको जमानत समेत जफत हुनेछ।

१६. नियमानुसार तिर्नु बुझाउनु पर्ने कर दस्तुर आदी बोलपत्र पेश गर्ने फर्म स्वयमले व्यहोर्नु पर्नेछ।

१७. एक फर्मको नाममा खरिद भएको बोलपत्र फारम अर्को फर्मको नामना दाखिला गर्न पाईने छैन।

१८. बोलपत्र स्वीकृत भएपछि आवश्यकता अनुसार कार्यालयबाट आदेश दिइने छ र सो आदेश प्राप्त भएको ७ दिन भित्र उल्लेखित बोका उपलब्ध गराउनु पर्नेछ। बोलपत्र दाताले उपलब्ध गराएको उन्नत बोयर बोकाको जातिय गुण प्रस्ट देखिने तथा ३५ कि.लो. भन्दा माथिको हुनु पर्ने छ यदी सो नभएमा फिर्ता गरिनेछ र सो को भुक्तानी गरीने छैन।

१९. यस सूचनामा लेखिएका कुरा यसै बमोजिम र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, नियमावली र प्रचलित कानुन अनुसार हुनेछ।

२० नगरपालिकालाई बोयर बोका प्राप्त भएपछि कृषकहरुलाई वितरण गरे पश्चात कृषहरुबाट संकलन भएको रकम भुक्तानी गरिने छ ।

**तपशिलः**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | इकाई | परिमाण | जम्मा रकम | बोलपत्र खरिद गर्ने मिति र समय | बोलपत्र दर्ता मिति र समय | बोलपत्र खुल्ने समय | बोलपत्र दस्तुर | धरौटी रकम रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ४२/२०७७/०७८ | उन्नत जातको प्रजनन् योग्य बोयर बोका, जातिय गुण प्रस्ट देखिने बोका हुनु पर्ने छ। | गोटा | ४८ | ३८,४०,०००। | २०७८/०३/०३ गते दिनको १२ बजे सम्म | २०७८/०३/०३ गते दिनको १२:०० वजे | २०७८/०३/०३ गते दिनको २:00 वजे | ३०००।- | १,१५,२००।- |